# जयपृथ्वी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सुदूर पश्चिम प्रदेश

फोन नं. ०९२-४२१०६४
फ्याक्स नं. ०९२-४२१०६४
चैनपुर, बझाङ

जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चैनपुर, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७८/०७९ मितिः२०७८/११/०४
च.नं.

## पदपूर्ति सम्बन्धि सूचना
### प्रथम पटक प्रकाशन मिति २०७८।११।०४

यस जयपृथ्वी नगरपालिकाको मिति २०७८।११।०१ गतेको निर्णयानुसार तपशिल बमोजिमका पदहरु सेवा करारमा पदपूर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त दिनहुन सम्बन्धित सबैमा जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

लाल बहादुर खाती
नि प्रमुख प्रशासकीय अधिकृत
२०७८/११/०४

| क स | विज्ञापन न | पद | किसिम | तह/श्रेणी | सँख्या | परिक्षा दस्तुर | सेवाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | ०५-२०७८।०७९ | नगर प्रहरी सहायक निरिक्षक | खुला | सहायक स्तर चौथो | १ | रु.५०० | करार |
| २ | ०६-२०७८।०७९ | प्रहरी जवान | खुला | श्रेणी विहिन | ८ | रु.५०० | करार |
| ३ | ०७-२०७८।०७९ | प्रहरी जवान | महिला | श्रेणी विहिन | २ | रु.५०० | करार |
| ४ | ०८-२०७८।०७९ | प्रहरी जवान | दलित | श्रेणी विहिन | १ | रु.५०० | करार |
| ४ | ०९-२०७८।०७९ | रोजगार सहायक | खुला | सहायक पाचौ तह | १ | रु.५०० | करार |

**आधाभुत शर्तहरु नगर प्रहरी सहायक निरिक्षक र नगर प्रहरी जवानको हकमा**

- पुरुषको हकमा घटीमा ५ फिट २ ईन्च उचाई, छाती ३१-३३ ईन्च, तौल ५० केजी र महिलाको हकमा घटीमा ५ फिट उचाई र ४२ केजी तौल भएको ।
- कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोग वा सजाय नपाएको ।

**आवश्यक न्युनतम शैक्षिक योग्यता**

- नेपाली नागरिक भएको ।
- नगर प्रहरी सहायक निरिक्षकको हकमा मान्यता प्रास शैक्षिक सस्था बाट प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको ।

२०७८/११/०४
नि.प्रमुख प्रशासीय अधिकृत

Scanned with CamScanner

- रोजगार सहायकको हकमा मान्यता प्राप्त शैक्षिक सस्थाबाट प्रमाण पत्र तह वा सो सरह उत्तिण गरेको ।
- नगर प्रहरी जवानको हकमा मान्यता प्रास शैक्षिक सस्था बाट एसएलसि/एसईई वा सो सरह उत्तिर्ण गरेको ।
- उमेर नगर प्रहरी सहायक निरिक्षक र नगर प्रहरी जवानको हकमा कम्तिमा १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको तर सुरक्षा निकायमा कार्यरत वा अवकाश प्रासको हकमा ३० वर्ष ननाघेको ।
- रोजगार सहायकको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
- रोजगार सहायकको हकमा आधारभुत कम्प्युटर तालिम गरेको हुनुपर्ने ।

**आवश्यक कागजातहरु रोजगार सहायकको हकमा**

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।
- कार्यानुभवको प्रमाण पत्र ।
- आधारभुत कम्प्युटर तालिम गरेको प्रमाण पत्रको प्रतिलिपि।
- दुई प्रति पासपोर्ट साईजको फोटो ।

**आवश्यक कागजातहरु नगर प्रहरी सहायक निरिक्षक र नगर प्रहरी जवानको हकमा**

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।
- मान्यता प्राप्त स्वास्थ्य सँस्था अन्तर्गत स्वीकृत चिकित्सक बाट प्राप्त निरोगिताको प्रमाण पत्र ।साथै आँखा मानइनस २ र प्लस २ भन्दा बढी कमजोर नभएको प्रमाण पत्रको प्रतिलिपि ।
- समावेशिको हकमा सम्बन्धित आयोगबाट सूचिकृत जाति बाहेक सम्बन्धित स्थानिय तहबाट प्रमाणित कागजात ।
- सुरक्षा निकायमा कार्यरत वा अवकाश प्रासको हकमा सम्बन्धि सुरक्षा निकायको नियुक्ति तथा अवकाश पत्रको प्रतिलिपि ।
- दुई प्रति पासपोर्ट साईजको फोटो ।

**दरखास्त दिने स्थान र समय**

- दरखास्त फाराम जयपृथ्वी नगरपालिका नगर कार्यापालिकाको कार्यालय कर्मचारी प्रशासन शाखाबाट लिनुपर्ने छ
- जयपृथ्वी नगरपालिका नगर कार्यापालिकाको कार्यालय कर्मचारी प्रशासन शाखामा बुझाउनु पर्नेछ ।साथै जयपृथ्वी नगरपालिकाको राजश्व शाखामा बुझाएको दरखास्त दस्तुरको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।
- मिति २०७८।११।०४ गते देखि मिति २०७८।११।१८ गते कार्यालय समय भित्र ।
- दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन पेश गर्न सकिने छ।

**परिक्षाको किसिम रोजगार सहायकको हकमा**

- छोटो सूची, लिखित, कम्प्युटर प्रयोगात्मक ।

**परिक्षाको किसिम नगर प्रहरी सहायक निरिक्षक र नगर प्रहरी जवानको हकमा**

- शारिरिक तन्दुरुस्ति परिक्षण, लिखित र अन्तर्वार्ता ।

२०७८।११।०४

नि.प्रमुख प्रशासीय अधिकृत

Scanned with CamScanner